फोन : ०८९-४११०६५
फ्याक्स नं. : ०८९-४११०४१
Email: dullumun@gmail.com

# दुल्लू नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दुल्लू, दैलेख
कर्णाली प्रदेश, नेपाल

प.सं.०७८/०७९ (सामान्य प्रशासन शाखा)
च.नं. १०६६

मिति : २०७९/०८/२०

## सेवा करारमा पदपूर्ति गर्ने सम्वन्धी पुन: प्रकाशित सूचना ।

नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट स्वीकृत **रोजगार संयोजक पदपूर्ति र सेवा सुविधा सम्वन्धी मापदण्ड २०७६** तथा **स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्वन्धी मापदण्ड, २०७८** बमोजिम यस नगरपालिकामा रिक्त रहेको तपसिलमा उल्लेखित पदहरुमा पदपूर्तिको लागि यस अधिनै विज्ञापन भई दरखास्त संकलन कार्य भएको तर अन्य प्रक्रिया वाँकी नै भएकाले उल्लेखित पदहरुमा पहिले पेश भएका आवेदनहरुलाई कायमै राखि पुन: ७ (सात) दिने सूचना प्रकाशन गरी थप आवेदन संकलन गर्ने यस नगरपालिका, नगर कार्यपालिकाको निर्णय बमोजिम तपसिलमा उल्लेखित योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र आफ्नो वैयक्तिक विवरण (Bio-data) सहित नगरपालिकाबाट उपलब्ध हुने वा www.dullumun.gov.np मा रहेको आवेदन फाराम भरी यस कार्यालयमा पेश गर्नुहुन सूचित गरिन्छ ।

तपसिल

| क्र.स. | पद | श्रेणी/तह | माग संख्या | पहिलो पटक विज्ञापन प्रकाशित मिति | आवेदन शुल्क | सेवाको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | रोजगार संयोजक | अधिकृतस्तर छैटौं | १ (एक) | २०७६।१०।२१ | १००० | सेवा करार | |
| २. | प्राविधिक सहायक | सहायकस्तर पाँचौं | १ (एक) | २०७७।०५।०५ | ५०० | सेवा करार | |

**आवश्यक योग्यता, अनुभव, सेवा सुविधा तथा शर्तहरु**

**१. रोजगार संयोजक:**

**क)मान्यता प्राप्त शिक्षण संस्थावाट स्नातक तह वा सो सरह उर्त्तिण गरेको ।**
**ख) २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।**
**ग) प्रचलित कानुनले नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।**
**घ) सेवा सुविधा: नियमानुसार ।**
**ङ) परिक्षाको किसिम: छोटो सूची, लिखति परीक्षा, कम्प्युटर सीप परीक्षण र अन्तरवार्ता ।**
च) दरखास्त फारम वुझाउने अन्तिम मिति: २०७९।०८।२६ गते कार्यालय समय भित्र (दरखास्त दिने अन्तिम दिनमा सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट) ।
छ) पाठ्यक्रम: रोजगार संयोजकको लागी तोके अनुसार ।

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु

- नेपाली नगरिकताको प्रमाणपत्रको प्रतिलिपी १ प्रति
- न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्र हरुको प्रतिलिपी १ प्रति
- वैयक्तिक विवरण
- हालसालै खिचेको पासपोर्ट साइजको फोटो ३ प्रति
- नगर कार्यपालिकाको कार्यालयवाट उपलब्ध गराएको वा वेवसाइड वाट डाउनलोड गरेको दरखास्त फारम भरी पेश गर्नुपर्ने।

८/२०
प्रमुख प्रशासकीय अधिकृत

फोन : ०८९-४११०६५
फ्याक्स नं. : ०८९-४११०४१
Email: dullumun@gmail.com

# दुल्लू नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दुल्लु, दैलेख

कर्णाली प्रदेश, नेपाल

**२. प्राविधिक सहायक**

क) सिभिल इन्जिनियरिङमा प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा उर्त्तीण भएको ।

ख) अनुभव र सीपः

- कम्तिमा ३ महिना तालिम लिई आधारभुत कम्प्युटर सीप भएको ।
- पुर्वाधार निर्माण र मर्मतका लागि आयोजनाको लागत, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने, विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव , पारस्परिक सम्वन्ध सम्बन्धी सीप सहित कम्तिमा ६ महिनाको अनुभव भएको ।

ग) उमेरः १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

**घ) परिक्षाको किसिमः छोटो सुची, लिखित परीक्षा , कम्प्युटर सीप परीक्षण र अन्तरवार्ता ।**

ङ) दरखास्त फारम वुझाउने अन्तिम मितिः २०७९।०८।२६ गते कार्यालय समय भित्र (दरखास्त दिने अन्तिम दिनमा सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट) ।

आवेदन साथ संलग्न कागजातहरुः

- नेपाली नगरिकताको प्रमाणपत्रको प्रतिलिपी १ प्रति ।
- न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्र हरुको प्रतिलिपी १ प्रति ।
- बैयक्तिक विवरण ।
- हालसालै खिचेको पासपोर्ट साइजको फोटो ३ प्रति ।
- अनुभव खुल्ने कागजातहरु ।
- नगर कार्यपालिकाको कार्यालयवाट उपलब्ध गराएको वा वेवसाइड वाट डाउनलोड गरेको दरखास्त फारम भरी पेश गर्नुपर्ने।

नोटःआवेदनको ढाँचा, कार्यविवरण लगायत अन्य जानकारी www.pmep.gov.np मा र www.dullumun.gov.npमा उपलब्ध छ। साथै दुल्लू नगरपालिकाको कार्यालयमा पनि सम्पर्क गर्न सक्नुहुनेछ ।

(ज्ञानमणी नेपाल)
प्रमुख प्रशासकीय अधिकृत

पमुख प्रशासकीय अधिकृत